# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।११।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गलत प्रतिवेदन र घुस/रिसवत सम्बन्धी गरी २(दुई) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।११।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु पूर्ण बहादुर तामाङ, बिष्णु दयाल चौधरी, अवधेश राय, राज कुमार गुरुङ, सोनाम तामाङ (वि.अ. को मु.नं. ०७६-CR-०४०२, वि.अ. को फैसला मिति २०७९।०४।१९) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादीहरु पूर्ण बहादुर तामाङ, बिष्णु दयाल चौधरी, अवधेश रायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा घुस/रिसवतवापत लिएको रकम रू.७,००,०००।- (अक्षेरुपी रुपैया सात लाख मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी पाउन र अनुसन्धानको क्रममा यी आरोपीहरूबाट बरामद भई आएको रू.६,३५,०००।- (अक्षेरुपी छ लाख पैतिस हजार मात्र) र नपुग रकम रू.६५,०००।- (अक्षेरुपी रुपैया पैसट्ठी हजार मात्र) समेत सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम यी आरोपीहरूबाटै असुल गरी जफत हुन, राज कुमार गुरुङलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरको मतियार हुने कसुरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांशको आधारमा रू.७,००,०००।- (अक्षेरुपी रुपैया सात लाख मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन र सोनाम तामाङलाई भ्रष्टाचार निवारण ऐन, | <u>**फैसलाः**</u><br>प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई हुने ठहर्छ<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• जिल्ला प्रहरी कार्यालयलाई प्रचलित भ्रष्टाचार मुद्दामा अनुसन्धान गर्ने क्षेत्राधिकार रहेको नदेखिंदा जिल्ला प्रहरी कार्यालय, पर्साबाट गरिएको बरामदी मुचुल्का तथा प्रतिवादीहरुको बयान समेत प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिएको ।<br>• प्रतिवादी पूर्णबहादुर तामाङ समेतले रिसवत लिएको आरोपदावी रहेकोमा रिसवत दिने व्यक्ति को हो भनी नखुलेको, प्रतिवादी पूर्णबहादुर तामाङबाट बरामद भएको भनिएको रकम प्रतिवादी सोनाम तामाङबाट सापटी लिएको भन्ने बैंक स्टेटमेन्ट समेतबाट देखिएको ।<br>• प्रतिवेदन दिने अवधेश रायले अदालतसमक्ष बयान गर्दा पूर्णबहादुर तामाङले दावीको रकम को कसबाट लिएको थाहा छैन भनी उल्लेख गरेबाट घुस रिसवत लिएको भन्न नसकेको ।<br>• मुख्य प्रतिवादीहरुका विरुद्धको आरोपदावी पुष्टि हुन नसकेको कारण प्रतिवादीहरु राजकुमार गुरुङ र सोनाम तामाङ समेतले सफाई पाउने ठहर्छ । | • प्रस्तुत मुद्दामा मिति २०७६।११।०८ गते अन्दाजी बिहान १०:०० बजेको समयमा प्र.ज अवधेश रायलाई अस्थायी प्रहरी पोष्ट ईनर्वागाउँमा पुग्दा प्र.स.नि पूर्ण बहादुर तामाङले तिमी सिभिलमा छौ एकछिन नगवा तिर हिड भनी लगेकोमा उक्त स्थानमा अस्थाई प्रहरी पोष्ट ईनर्वागाउँमा कार्यरत रहेका प्र.ह.बिष्णु दयाल चौधरीले एकजना अपरिचित व्यक्तिलाई रोकी राखेका रहेछन । तत्काल उक्त स्थानमा पुगेका प्रहरी सहायक निरीक्षक पूर्ण बहादुर तामाङ र प्रहरी हवल्दार बिष्णु दयाल चौधरीले निज अपरिचित व्यक्तिलाई चेकजाँच गरेका हुन । मिति २०७६।११।१० गतेको दिन बिहान प्र.स.नि.पूर्ण बहादुर तामाङले रू.१,२५,०००।- (रुपैया एक लाख पच्चीस हजार मात्र) दिई कसैलाई केही नभन्नु भनी पठाएकोले उक्त रकम कानूनविपरीतको हुन सक्ने भएको देखिदाँ यसै प्रतिवेदनसाथ दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्र.ज अवधेश रायको प्रतिवेदनमा उल्लेख गरेको देखिएकोमा निज प्रतिवादी अवधेश रायले सोही व्यहोराको अनुसन्धानको क्रममा गरेको वयानमा र अदालतको वयानमा खुलाएको देखिन्छ । उक्त वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिन मिल्ने अवस्थाको रहेको छ ।<br>• अन्य प्रतिवादीहरु पूर्ण वहादुर तामाङ्ग, विष्णु दयाल चौधरी र राज कुमार गुरुङ्गले अनुसन्धानको क्रममा र अदालतमा कसुरमा ईन्कारी वयान गरेता पनि निजहरुले वारदात पश्चात तत्काल गरेको घटना विवरण कागजमा मिति २०७६।११।०८ गते बिहान अन्दाजी १०:०० बजेको समयमा प्रतिवादीहरु पूर्ण वहादुर तामाङ र बिष्णु दयाल चौधरी भई निज अपरिचित व्यक्तिको शरीर चेकजाँच गर्दा निजले नेपाली रुपैया २०,००,०००।- (अक्षेरुपी बीस लाख रुपैया मात्र) बोकेको छु मलाई छोडिदिने भए केही पैसा दिन्छु भने पछि म (पूर्ण वहादुर तामाङ्ग) लोभमा परी तत्काल आफ्नो मोबाइलबाट प्रतिवादी राज कुमार गुरुङको मोबाइलमा फोन गरी हाम्रो चेकजाँच टोलीले अवैध वित्तीय कारोवार (हुण्डी) गर्ने अपरिचित पुरुष व्यक्तिलाई नेपाली रुपैया २०,००,०००।- (अक्षेरुपी बीस लाख रुपैया मात्र) सहित पक्राउ गरेको छ । निज अपरिचित व्यक्तिले मलाई छोडी दिनुस तपाईलाई पैसा दिन्छु भनिरहेको छ । के गर्ने हो भने पछि निज राज कुमार गुरुङले म कुरा गरेर एकैछिनमा मान्छे पठाइदिन्छु भनेकोमा केही बेर पछि अर्को अपरिचित पुरुष व्यक्ति उक्त स्थानमा आएर मलाई राज कुमार गुरुङले पठाएको हो । म तपाईले पक्राउ गरेको यो मान्छेलाई चिन्छु यो सँग म कुरा गर्छु भनी उक्त रकम लिएर आउने व्यक्तिलाई लिई सुराकी कता गए मलाई थाहा भएन । त्यसको करिब एक घण्टा पछि राज कुमार गुरुङले पठाएका सुराकीले पूर्ण वहादुर तामाङलाई फोन गरी वोलाई रू.७,००,०००।- (रुपैया सात लाख मात्र) दिएको हो, उक्त रकमबाट प्र.ज.अवधेश रायलाई रू.१,२५,०००।- (रुपैया एक लाख पच्चीस हजार मात्र), प्र.ह.बिष्णु दयाल चौधरीलाई रू.१,७५,०००।- (रुपैया एक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २०५९ को दफा २२ बमोजिम कसुर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कसुरदारलाई हुने सजायको आधा सजाय गरी पाउन मागदावी लिईएको । | | लाख पचहत्तर हजार मात्र) र बाँकी रकम रू.४,००,०००।-(रुपैया चार लाख मात्र) पूर्ण वहादुर तामाङले राखेको भन्नेसमेत एकै मिलानको व्यहोरा खुलाई कागज गरेकोमा उक्त कागजको व्यहोरा निज प्रतिवादीहरुले खुलाएको स्थानमा उक्त रकमहरु वरामद भएको भन्ने बरामदी खानतलासी मुचुल्कावाट पुष्टी भएको देखिन्छ ।<br>• वारदात लगत्तै खिचिएको भिडियो रेकर्डमा "*मलाई सात दियो, तपाई असई जस्तो जिम्मेवार व्यक्तिले रिपोर्ट गर्न पर्थ्यो की पर्दैन थियो भन्ने सवालमा रिर्पोर्ट गर्न पर्थ्यो कसैलाई पनि गरेको छैन। कहाँ कहाँ दिनु भयो त्यो रकम केटाहरू, आफन्त, हाकिमहरूलाई दिनु भन्ने सवालमा कसैलाई दिएको छैन । मैले राखे चार लाख पैसा अरु चाही केटाहरूलाई बाडिदिए सर कसलाई दिने साठी हजार भन्ने थियो । राज कुमार पनि संलग्न थियो भन्ने सवालमा छैन उ आएको थिएन मान्छे (सुराकी) चाही पठाइदिए । उ (सुराकी) आएर पैसा दिएर गयो। राज कुमार को हो भन्ने सवालमा मोटे मोटे गोह्रे ड्राइभर प्रहरी जवान अनि उसको (राज कुमार गुरुङ) को भाग कति पठाइदिनु भयो भन्ने सवालमा दश लाख लिएको भन्थ्यो सर उसले बाँकी तिनीहरूले लग्यो भन्थ्यो हामीहरूलाई सात दियो"* भन्ने व्यहोरा देखिन्छ । उक्त भिडियो रेकर्ड प्रमाण ऐन, २०३१ को दफा १३क. वमोजिम प्रमाणमा लिन मिल्ने नै देखिन्छ भने कसुर वारदातको सत्य तथ्य खुल्ने डरले प्रतिवादीहरु पूर्ण बहादुर तामाङ, बिष्णु दयाल चौधरीले पोलिग्राफ परीक्षणसमेत गर्न नमानेको देखिँन्छ(***सर्वोच्च अदालतले ने.का.प २०७५, अंक ३, नि.न.९९८० मा पोलिग्राफ परिक्षणलाई प्रमाणमा लिने भनी नजिर प्रतिपादन भएको अवस्था छ***) ।<br>• प्र.ह.बिष्णु दयाल चौधरीले हुण्डी कारोवारको जानकारी दिएको भनिएको निरज पटेलले ले अनुसन्धानमा वयान गर्दा प्रतिवादी बिष्णु दयाल चौधरीले दिएको रकम मध्ये रमेश भन्ने व्यक्ति र उसको साथीको लागि रू.४०,०००।- (रुपैया चालिस हजार) दिएको तथा मलाई रु.२०,०००।०० दिएको हो । उक्त जफत गरेको रू.२०,००,०००।-(रुपैया बीस लाख मात्र) मध्ये रू.१०,००,०००।- (रुपैया दश लाख मात्र) पैसा लिएर आउने भारतीय नागरिकलाई दिई बाँकी रू.१०,००,०००।- (रुपैया दश लाख मात्र) बाट म, रमेश, रमेशको साथी र प्रहरी हवल्दार बिष्णु दयाल चौधरीसहितका चार जना प्रहरीले भागवण्डा गरेको सुनेको छु भनी अनुसन्धानको क्रममा वयान गरेकोमा अदालतमा गरेको वयानको समर्थन गरेको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिन्छ ।<br>• प्रतिवादीहरु पूर्ण बहादुर तामाङ, बिष्णु दयाल चौधरी, अवधेश राय र राज कुमार गुरुङले प्रयोग गर्ने मोबाइलको डिजिटल फरेन्सिक चेकजाँच गर्दा बिष्णु दयाल चौधरीको मोबाइलमा ९८१६२३६७७८ को मोबाइल नम्बरलाई Tamang Asi Purna लेखेर सेभ गरेको तथा राज कुमार गुरुङको मोबाइलमा ९८१६२३६७७८ को मोबाइल नम्बरलाई Pud A.S.e. लेखेर सेभ गरेको पाइयो । उक्त सेभ गरेको नम्बरको आधारमा पूर्ण बहादुर तामाङले लुकाएको मोबाइल नम्बर ९८१६२३६७७८ को User Detail, Call Detail र SMS माग गरिएकोमा निजको उक्त मोबाइल नम्बर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ९८१६२३६७७८ बाट राज कुमार गुरुङको मोबाइल नम्बर ९८०२९५१६१६ मा मिति २०७६।११।०८ गते बिहान १०:४३:४९ बजेदेखि बेलुकी १७:१९:०० बजेसम्म ४३ (त्रिचालिस) पटक कुराकानी भएको पाइयो । साथै सुरकी भनी राज कुमार गुरुङले पठाएको ९८२७२२२८०४ नम्बरका मोबाइल प्रयोगकर्तासँगसमेत पूर्ण बहादुर तामाङले मिति २०७६।११।०८ मा पटक पटक कुरा भएको भन्नेसमेत व्यहोराको NCell बाट प्राप्त कल डिटेल विवरण देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १३क. र दफा १४ वमोजिम उल्लेखित प्रमाणहरु प्रमाणमा लिन पर्ने हुन । सरकारी साक्षीहरु कुशल कुमार बतौंला, महेश प्रसाद गौतम समेतले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरुले घुस रिसवत लिई भ्रष्टाचार गरेको भनी कागज गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएकोछ । उल्लेखित विवेचित आधार प्रमाणहरुवाट प्रतिवादीहरुको कसुर गर्दाको घटनाका शृंखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको अवस्था पुष्टि भई रहेको अवस्था छ । प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>• जिल्ला प्रहरी कार्यालयलाई प्रचलित भ्रष्टाचार मुद्दामा अनुसन्धान गर्ने क्षेत्राधिकार रहेको नदेखिंदा जिल्ला प्रहरी कार्यालय, पर्साबाट गरिएको बरामदी मुचुल्का तथा प्रतिवादीहरुको बयान समेत प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिएको आधार लिई प्रतिवादीहरुलाई सफाई दिएको सन्दर्भमा हेर्दा आफ्ना कर्मचारीहरुले गरेको भ्रष्टाचार जन्य कसुरमा तुरुन्त प्रमाण संकलन नगर्दा प्रमाण लोप हुन सक्ने भएकोले प्रमाण संकलन गरी प्रारम्भिक रुपमा संकितहरुको घटना विवरण कागज गरी तत्पश्चात भ्रष्टाचार कसुरको अनुसन्धान गर्न क्षेत्राधिकारयुक्त कार्यालयलाई पत्र र संकलित दशी प्रमाण सहित पठाएको कार्य भ्रष्टाचारको कसुरको अनुसन्धानको अन्तर सम्वन्धित निरन्तरताको विषय हो । सम्वन्धित प्रहरी कार्यालयले आफूले तुरुन्त गर्नु पर्ने वरामद लगायतका कार्य गरी सुचकको रुपमा तत्कालै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आधार प्रमाण सहित कारवाहीको लागि पठाएको कार्यलाई क्षेत्राधिकारको प्रश्न उठाई प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटीपूर्ण एवं वदर योग्य रहेको छ।<br>• प्रतिवादी पूर्णबहादुर तामाङ समेतले रिसवत लिएको आरोपदावी रहेकोमा रिसवत दिने व्यक्ति को हो भनी नखुलेको, प्रतिवादी पूर्णबहादुर तामाङबाट बरामद भएको भनिएको रकम प्रतिवादी सोनाम तामाङबाट सापटी लिएको भन्ने बैंक स्टेटमेन्ट समेतबाट देखिएको भनी आधार लिएको सम्वन्धमा हेर्दा प्रतिवादी सोनाम तामाङ्ग माछापुच्छ्रे बैङ्कको शाखा रहित बैकिङ सेवा र रेमिटको काम गर्दछु भनी अनुसन्धानको क्रममा गरेको वयानमा खुलाएको देखिएकोले एक प्रयोजनको लागि रकम निकालेको बैङ्क स्टेट्मेन्ट प्रतिवादी पूर्ण वहादुर तामाङ्गलाई दिन रकम निकालेको भनि पेश गर्न सक्ने अवस्था देखिन्छ । त्यस्तै प्रतिवादी पूर्ण वहादुर तामाङ्गले अनुसन्धानको क्रममा वयान गर्दा सोनाम तामाङ सँग लिएको रकम हो, निज आफन्त ज्वाई हो, ठेगाना नवलपरासी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हो अन्य थाहा भएन भनी खुलाएको देखीएको वाट निजहरु नजिकको आफन्त हो र रकमको कारोवार गर्ने विश्वास भएका व्यक्ति हुन भनी एकिन गर्न सक्ने अवस्था विद्यामान देखिदैन।त्यसैगरी प्रतिवादी पूर्णवहादुर तामाङ्ग समेतले रु.२०,००,०००।—(अक्षेरुपि बिस लाख) रकम वोकी हिड्ने व्यक्तीवाट रु.७००,०००।—(अक्षेरुपि सात लाख मात्र) घुस रिसवत लिई निजलाई बाँकी रकम सहित भारत तर्फ पठाएको हुँदा घुस रिसवत दिने व्यक्ती को हो भन्ने नखुलेको अवस्था हुँदा प्रतिवादीहरुले गरेको गैर कानूनी कार्यको फाईदा प्रतिवादीहरुले नै प्राप्त हुने गरी भएको फैसला त्रुटी पूर्ण रहेको छ ।<br>• वारदात लगत्तै लिएको प्रतिवादी पूर्ण वहादुर तामाङको भिडियो रेकर्डमा "मलाई सात दियो, तपाई असई जस्तो जिम्मेवार व्यक्तिले रिपोर्ट गर्न पर्थ्यो की पर्दैन थियो भन्ने सवालमा रिर्पोर्ट गर्न पर्थ्यो कसैलाई पनि गरेको छैन। कहाँ कहाँ दिनु भयो त्यो रकम केटाहरू, आफन्त, हाकिमहरूलाई दिनु भन्ने सवालमा कसैलाई दिएको छैन । मैले राखे चार लाख पैसा अरु चाही केटाहरूलाई बाडिदिए सर कसलाई दिने साठी हजार भन्ने थियो । राज कुमार पनि संलग्न थियो भन्ने सवालमा छैन उ आएको थिएन मान्छे (सुराकी) चाही पठाइदिए । उ (सुराकी) आएर पैसा दिएर गयो। राज कुमार को हो भन्ने सवालमा मोटे मोटे गोहे ड्राइभर प्रहरी जवान अनि उसको (राज कुमार गुरुङ) को भाग कति पठाइदिनु भयो भन्ने सवालमा दश लाख लिएको भन्थ्यो सर उसले बाँकी तिनीहरूले लग्यो भन्थ्यो हामीहरूलाई सात दियो" भन्ने खुलेको देखिएको र अर्का प्रतिवादी विष्णु दयाल चौधरीको भिडियो रेकर्डमा "हवल्दार साप तपाईको नाम के हो भन्ने सवालमा निजले मेरो नाम बिष्णु दयाल चौधरी, कहाँ कार्यरत हुनुहुन्छ भन्ने सवालमा ईनर्वागाउँ भनेका छन् । के को बारेमा यहाँ ल्याईएको भन्ने सवालमा निजले हुण्डीको बारेमा यहाँ ल्याइएको भनेका छन । निजले एक लाख दश हजार आफ्नो भागमा परेको, हुण्डी कारोवार गर्ने व्यक्ति अपरिचित रहेको, उक्त जानकारी स्थानीय व्यक्तिले जानकारी गराएकोले निजलाई प्रक्राउ गरी इन्चार्जको जिम्मा लगाई आफू श्रीमतीको अपरेशन गर्न गएको" भन्ने व्यहोरा देखिएकोवाट निजहरुले घुस रिसवत लिई भ्रष्टाचार गरेको पुष्टि भएको देखीएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३ क ले प्रमाणमा लिन मिल्ने नै देखिन्छ ।<br>• त्यसैगरी प्रस्तुत मुद्दामा एकातर्फ विशेष अदालतले वरामद रकम घुस रिसवत वापतको रकम होइन भनि प्रतिवादीहरुलाई सफाई दिई फैसला गरेको अवस्था छ भने अर्का तर्फ उक्त वरामद भएको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा फिर्ता पठाएको अवस्था आफैमा विरोधाभाष पूर्ण रहेको छ । त्यस्तै प्रतिवादीहरुले नै घुस रिसवत दिने व्यक्तिसँग रिसवत रकम लिई भगाएको अवस्था पुष्टि भएको अवस्थामा पुनः निज घुस रिसवत दिने व्यक्ति नखुलेको नै आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेको छ ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सकेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । |
| २ | खगेन्द्र खवास, निर्मल वाग्ले (वि.अ. को मु.नं. ०७५-CR-०२९७, वि.अ. को फैसला मिति २०७९।०५।१९) | गलत प्रतिवेदन पेश गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु खगेन्द्र खवास, निर्मल वाग्लेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको । | **<u>फैसला</u>**<br>प्रतिवादीहरुलाई आरोप दावी वाट सफाई हुने ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधार:</u>**<br>• प्रतिवादीहरुले फिल्डमा भए अनुसारको नापजाँच नगरी बदनियत राखी नभएको काम देखाई कार्य सम्पन्न गरेको भन्ने दावी लिएको देखिएता पनि निजहरुले के कारणले उक्त काम गरे त्यसबाट के फाइदा लिए वा कसैलाई के फाईदा दिलाए भन्ने उल्लेख छैन । गरेको कामको लागि प्राप्त भएको रकम काम सम्पन्न भएपछी उपभोक्ता समितिले बरबुझारत गरी लगेको अवस्था छ । यी प्रतिवादीहरुले उक्त रकमबाट फाइदा लिए, यति रकम लिएर उक्त प्रतिवेदन तयार पारेको भन्ने दावी लिन सकेको पाइदैन।<br>• प्रतिवादीहरुले बदनियतपूर्वक गलत प्रतिवेदन दिएर नेपाल सरकारलाई यति हानी नोक्सानी गरेको भनी विगो दावी लिन नसकेको, सम्पन्न भएको काममा संलग्न सवै पक्ष र व्यक्तिहरुका विरुद्धमा आवश्यक अनुसन्धान गरेर अभियोजन नगरी त्यसमा नापजाँच गर्ने व्यक्तिहरुका विरुद्धमा मात्र अभियोजन गरेको अन्य पक्ष र व्यक्तिहरुसँगको मिलेमतो विना अभियोजित कसूर हुन नसक्ने देखिएको,<br>• मिसिल प्रमाणहरुवाट यी प्रतिवादीहरुले गलत मानसाय राखेर काम गरेको र त्यसवाट लाभ लिएको भन्ने पुष्टी हुन नसकेको । | • प्रस्तुत मुद्दामा स्वयं अदालतको फैसलाको प्रकरण नं.४६ मा "यस योजनामा इष्टिमेट र फिल्डवर्क फरक परेको, फिल्डवर्क भन्दा फरक किसिमको प्रतिवेदन रहको भन्ने कुरा प्रतिवादीले पनि स्वीकार गरेको तर गलत नियतले गलत प्रतिवेदन दिएको भन्ने आरोपदावीलाई इन्कार गरेको देखिन्छ" भने कसुर वारदातको तथ्यलाई स्वंय अदालतले स्वीकार नै गरेको अवस्थामा प्रतिवादीहरुले गरेको कार्य स्वंयवाट वदनियत पुष्टि भै रहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी वमोजिम सजाय गर्नु गर्नेमा प्रतिवादीहरुले अन्य स्वतन्त्र प्रमाण पेश नगरी केवल गलत नियत थिएन भन्ने सम्म व्यहोरा खुलाई वयान गरेको मात्र आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा २७ को रोहमा त्रुटी पूर्ण भई बदरभागी छ ।<br>• कालिका मन्दिर निर्माणको कार्यको फिल्डमा नापी गर्दा आ.व. २०७३/०७४ को शुरुमा साविकको जि.वि.स. तनहुँबाट रु. १० लाख विनियोजन भएकोमा First Floor सम्मको RCC Colum, Beam & Sloping Slab गर्ने कार्य नापी किताबमा रहेकोमा फिल्डमा पनि सोही अनुसारको कार्य भएको भएतापनी नापीमा ८ वटा लामो पिलर र ८ वटा छोटो पिलरको नापी चढाइएकोमा फिल्डमा १२ वटा छोटो पिलर र ४ वटा लामो पिलर रहेको पाईन्छ । त्यसैगरी ८ वटा Diagonal Beam को नाप नापी किताबमा बढी चढाइएकोसमेत देखिन्छ । साथै यस योजनाको Sloping Concrete को चौडाइ फिल्ड र नापी किताबमा फरक रहेको देखिन्छ। उक्त कार्यको डिजाईन, ल.ई. तयार गर्नेमा सब ईन्जिनियर खगेन्द्र खवास, चेक गर्नेमा ईन्जिनियर सुकदेव अधिकारी तथा स्विकृत गर्नेमा प्रमुख जिल्ला ईन्जिनियर राम पराजुली रहेको देखियो। यस कार्यमा उपभोक्ता समितिले प्राविधिक मूल्याङ्कन गर्नुपर्ने रु.६२,९६९।२९ (अक्षरुपी बैसाठ्ठी हजार नौ सय उनन्सत्तरी रुपैयाँ पैसा उनन्तिस ) रकम बराबरको कार्य गरेको देखिएन भनी विशेष अदालतको फैसलाको प्रकरण नं.४५ मा स्वीकार गरेको देखिन्छ।<br>• त्यस्तै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अनुदान सहयोगमा संस्कृति पर्यटन पूर्वाधार शीर्षकबाट विनियोजित रु.३ लाख कार्यको लागि कालिका मन्दिर निर्माण समितिसँग लागत अनुमान रु.३,३९,७५५।- हुने गरी मिति २०७४।०१।११ मा साविकको जिल्ला विकास समितिको कार्यालय, तनहुँ र उपभोक्ता समितिबीच सम्झौता भएको देखिन्छ। सो रकमले कालिका मन्दिरको संरचनामा ग्राउन्ड फ्लोर र फस्ट फ्लोरमा प्लास्टर गर्ने कार्य गरेको नापी किताबमा रहेकोमा आयोगको कार्यालय पोखराबाट भएको फिल्ड निरिक्षणमा फिल्डमा First Floor र सो भन्दा माथिको Column, Beam हरु तथा Ground Floor को सिलिङ्ग, 1st Floor को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | Sloping Slab को टप र बटम तथा Top Floor मा प्लास्टर गरेको पाइयो तर ग्राउण्ड फ्लोरको पिलर र Ground Floor को Top Slab को बेसमा प्लास्टर गरेको नपाइएको तथा 2nd Floor को प्लास्टर पनि नापी किताबमा चढाइएकोमा सो कार्य व्यास नगरपालिकाबाट भएको देखिन्छ। यसरी यस कार्यमा Duplication भएको देखिन्छ। उक्त कार्यको डिजाईन, ल.ई. तयार गर्नेमा सब ईन्जिनियर खगेन्द्र खवास, चेक गर्नेमा ईन्जिनियर सुकदेव अधिकारी तथा स्विकृत गर्नेमा प्रमुख जिल्ला ईन्जिनियर राम पराजुली रहेको देखियो। यस कार्यमा उपभोक्ता समितिले प्राविधिक मूल्याङ्कन अनुसार गर्नुपर्ने रु. १,१६,१३२।१२ रकम बराबरको कार्य गरेको देखिएन भनी विशेष अदालतको फैसलाको प्रकरण नं.४७ मा स्वीकार गरेको देखिन्छ।<br>• त्यसैगरी साविकको जिल्ला प्राविधिक कार्यालय तनहुँको शान्तिको लागि विकास कार्यक्रम शीर्षकबाट विनियोजित रु.४ लाखले शान्ति शहिद पार्क निर्माण उपभोक्ता समितिसँग लागत अनुमान रु. ४,४६,१४४।५५ हुने गरी मिति २०७४।०१।१२ मा साविकको जिल्ला प्राविधिक कार्यालय, तनहुँ र उपभोक्ता समितिबीच सम्झौता भएको देखिन्छ। सो विनियोजित रकमबाट कालिका मन्दिरको बाहिरी भागको वाल र ग्राउन्ड फ्लोरमा ढुङ्गाको सोलिङ्ग गर्ने कार्य, पिसिसि गर्ने कार्य, मन्दिरको बाहिरी भागमा स्टेप वाल निर्माण गर्ने कार्य तथा स्टेप वाल र फ्लोरमा प्लास्टर गर्ने कार्य गरेको नापी किताबमा रहेकोमा आयोगको कार्यालय पोखराबाट भएको फिल्ड निरिक्षणको क्रममा फिल्डमा अन्य कार्य भएपनि स्टेप वाल र फ्लोरमा प्लास्टर गर्ने कार्य गरेको देखिएन। यस योजनामा 20mm thick ¾ 11 c/s plaster works को परिमाण १७०।८६sq.m र यसको रेट रु.२६५।५५ ले गुणा गर्दा Amount रु.४५,३७१।८७ हुनुपर्नेमा नापी किताबमा रु.६२,४५७।८७ राखिएकोमा बयानको क्रममा सो रेट नापीमा लेख्न गल्ती भएको र ईष्टिमेटमा रु.३६५।५५ रेट नै राखिएको र उक्त कार्यको डिजाईन, ल.ई. तयार गर्नेमा सब ईन्जिनियर खगेन्द्र खवास, चेक गर्नेमा ईन्जिनियर सुकदेव अधिकारी तथा स्विकृत गर्नेमा प्रमुख जिल्ला ईन्जिनियर राम पराजुली रहेको देखियो। यस कार्यमा उपभोक्ता समितिले प्राविधिक मूल्याङ्कन अनुसार गर्नुपर्ने रु.६१,६४०।०६ रकम बराबरको कार्य गरेको देखिएन भनी विशेष अदालतको फैसलाको प्रकरण नं.४९ मा स्वीकार गरेको देखिन्छ।<br>• यसैगरी व्यास नगरपालिकाको कार्यालय तनहुँबाट कालिका मन्दिर जंगल पार्क निर्माणको लागि विनियोजित रु. ७ लाखले ६ सदस्यीय कालिका जंगल पार्क निर्माण समितिसँग समितिको लागत सहभागिता रु.२,०५,०००।— हुने गरी लागत अनुमान रु.९,०५,८८०।९३ मा मिति २०७३।१२।२८ मा व्यास नगरपालिका कार्यालय, तनहुँ र उपभोक्ता समितिबीच सम्झौता भएको देखिन्छ। योजनाको प्राविधिक मूल्यांकन रु.९,०७,४०६।६७ सहित उपभोक्ता समितिलाई उपभोक्ताको लागत सहभागिता रु.२,०५,०००।— र कन्टिजेन्सी कट्टी रु.३५,०००।- सहित रु.९,०५,०००।— रकमको मिति २०७४।०३।१९ काम सम्पन्न भई फरफारक भएको पाईयो। उक्त रकमबाट कालिका मन्दिरको दोश्रो तल्लाबाट कार्य सुरु गरी Top Slab सम्मको पिलर, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बीम र स्ल्याव ढलानको कार्य सम्पन्न गरेको तथा मन्दिरको भुईमा ढुङ्गा सोलिङ्ग गर्ने कार्य नापी किताबमा रहेकोमा सो कार्य जिल्ला प्राविधिक कार्यालयबाट समेत भएको देखिन्छ र सो कार्य व्यास नगरपालिकाबाट पहिले सम्झौता भई कार्य सुरु भएकोले नगरपालिकाको मूल्याङ्कनमा सो कार्य राखिएको र ढुङ्गा सोलिङ्ग कार्यको रेट नापी किताबमा प्रति घ.फु.को रु.२,५७३.०४ राखिएको सो प्रति घ.मी.को रेट भएकोले फिल्डमा आएको ढुङ्गा सोलिङ्गको परिमाणलाई घ.मी. मा निकाली हिसाब गरिएको देखिन्छ। यस कार्यको लागि डिजाइन, ल.ई. तयार गर्नेमा सब ईन्जिनियर निर्मल वाग्ले, चेक गर्ने ईन्जिनियर रविन्द्रलाल मूल रहेको देखियो। यस कार्यमा उपभोक्ता समितिले प्राविधिक मूल्याङ्कन अनुसार गर्नुपर्ने रु. १,२७,४९९।४२ रकम बराबरको कार्य गरेको देखिएन भनी विशेष अदालतको फैसलाको प्रकरण नं.५१ मा स्वीकार गरेको देखिन्छ।<br>• माथि उल्लेखीत तथ्यहरु जसमा विभिन्न चारवटा विषयमा विगो रु.३६८,२४०।८९ वरावर नभएको कार्य भएको भनि प्रतिवादीहरुवाट गलत प्रतिवेदन दिइएको भन्ने तथ्य स्वंय अदालतले फैसलामा स्वीकार गरेको अवस्था छ ।तसर्थ साविकको जिल्ला विकास समितिको कार्यालय तथा हालको जिल्ला समन्वय समितिको कार्यालय तनहूँका तत्कालिन सब ईन्जिनियर खगेन्द्र खवास र व्यास नगरपालिकाका तत्कालिन सब ईन्जिनियर निर्मल वाग्लेलाई कालिका मन्दिर निर्माण कार्यको सिलसिलामा लागत अनुमान बमोजिमको काम भए नभएको, जाँचबुझ गरी नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन दिनुपर्ने कर्तव्य हुँदाहुँदै निर्माण कार्यको जाँचबुझ र नापजाँच फिल्डमा भए अनुसारको नगरी बदनियतपूर्वक नभए/नगरेका काम देखाई कार्य सम्पन्न प्रतिवेदन पेश गरेको पुष्टि भई नै रहेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी वमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादीहरुले बदनियतपूर्वक गलत प्रतिवेदन दिएर नेपाल सरकारलाई यति हानी नोक्सानी गरेको भनी विगो दावी लिन नसकेको, सम्पन्न भएको काममा संलग्न सवै पक्ष र व्यक्तिहरुका विरुद्धमा आवश्यक अनुसन्धान गरेर अभियोजन नगरी त्यसमा नापजाँच गर्ने व्यक्तिहरुका विरुद्धमा मात्र अभियोजन गरेको अन्य पक्ष र व्यक्तिहरुसँगको मिलेमतो विना अभियोजित कसूर हुन नसक्ने देखिएको भनी आधारलिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको अवस्था छ । प्रतिवादीहरुको वदनियत अर्थात आपराधीक मनसाय(Mens Rea) को निर्धारण उसको आपराधीक कार्य (Actus Reus) वाट पहिचान हुने विषय हो । प्रतिवादीहरु निर्माणको कामको नापजाँच गर्ने, त्यसको प्रतिवेदन पेश गर्ने कर्मचारीहरु भएकोमा विवाद छैन। निजहरुले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दा समेत यो यस कारणले आफूले नाँपजाँच गरी दिएको प्रतिवेदनमा फरक पर्न गएको हो भनि चित्त वुझ्दो कारण दिन सकेको अवस्था छैन ।प्रतिवादीहरुले गलत प्रतिवेदन दिएको नाँपजाँच तथा हिसावको विवरण एउटा विषयको नभै चार वटा विषयमा रहेको भन्ने कुरा स्वंय अदालतवाट स्वीकारिएको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटिपूर्ण छ ।<br>• कुनै विषयमा अदालतले केहीलाई मुद्दा चलाई मुद्दा चलाउनु पर्ने कुनै प्रतिवादीलाई कुनै विषयमा मुद्दा नचलाएको अवस्था देखेमा अभियोजन गर्ने निकायलाई ध्यानाकर्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गराउन अदालत सक्षम छ । तर कुनै व्यक्तिलाई कुनै विषयमा मुद्दा नचलाएको भन्ने आधार लिई आरोप दायर भई कसुर पुष्टि भएका प्रतिवादीहरुलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको छ ।<br>• स्वंय अदालतले फैसलामा प्रतिवादीहरुले गलत प्रतिवेदन दिएको हो भनी स्वीकार गरेको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) ले हानी नोक्सानीको विगो कायम गर्नु पर्ने भनी कानूनी व्यवस्था नगरी केवल गलत प्रतिवेदन दिनेलाई कसुर सजायको व्यवस्था गरेको देखिन्छ । गलत प्रतिवेदन दिनु पर्ने आधार कारण स्पष्ट खुल्ने गरी स्वतन्त्र प्रमाण प्रतिवादीहरुले पेश गर्न सकेको अवस्था देखिदैन । तसर्थ प्रतिवादीहरुले आरोपदावी वमोजिमको कसुर गरेकोमा विवाद गर्नु पर्ने अवस्था नहुदा नहुदै पनि केवल प्रतिवादीहरुलाई सफाई दिनको लागी आरोपदावी नै नभएको नेपाल सरकारलाई यति हानी नोक्सानी गरेको भनी विगो दावी लिन नसकेको भनी आधारलिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को गलत अर्थ लगाई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटी पूर्ण छ ।<br>• (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९), ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास), ( ने.का.प.२०७७, नि.न.१०५५०, भाग ६२, अंक ८, मंसिर)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा प्रतिवादीहरुले गलत लिखत तयार गरी पेश गरेको भन्ने तथ्य स्वंय विशेष अदालतले फैसलामा स्वीकार गरी सकेको अवस्थामा प्रतिवादीहरुलाई आरोपदावी वमोजिमको कसुर कायम गरी सजाय गर्नु पर्नेमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रतिपादित नजिरको प्रतिकुल रहि त्रुटिपूर्ण भई बदरभागी छ । |